आज मिति २०७८ साल श्रावण ७ गते विहिवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष | श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| का.वा.अध्यक्ष | श्री ज्ञानुमाया सुनार | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०७८/३/२३ गतेको कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : आ.व.२०७७।०७८ को समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३ : स्तर वा तहबृद्धि समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.४ : नगर अस्पताल सञ्चालन व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.५ : नगर अस्पतालको डि.पि.आर.सम्बन्धमा ।
प्रस्ताव नं.६ : नगर अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.७ : व्यास नगर समता विद्यालय सञ्चालन व्यवस्थापन समिति सम्बन्धमा ।
प्रस्ताव नं.८ : मादी नदी प्राकृतिक श्रोत टेण्डर लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.९ : कोभिड १९ संक्रमितलाई राहत सम्बन्धमा ।
प्रस्ताव नं.१० : नगर स्तरीय र वडा स्तरीय विपद व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.११ : शाखा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१२ : आयुर्वेद भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१३ : दरबन्दी मिलान सम्बन्धमा ।
प्रस्ताव नं.१४ : स्वास्थ्य सेवा कार्यालय स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.१५ : व्यवसाय कर छुट सम्बन्धमा ।
प्रस्ताव नं.१६ : वडा कार्यालयको लागि जग्गा माग सम्बन्धमा ।
प्रस्ताव नं.१७ : विपद व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८ : रकम विनियोजन सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/३/२२ गते बसेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु र कार्यान्वयन सम्बन्धमा बृहत रुपमा समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७।०७८ मा सञ्चालित योजनाहरुको वार्षिक प्रगति विवरण वारे समीक्षा गर्दै चालु आर्थिक वर्ष २०७८।०७९ को योजनाहरु सञ्चालन गर्ने सम्बन्धमा आगामी बैठकमा वार्षिक कार्य तालिका पेश गर्ने गरी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ४ अनुसार साविक स्थानीय निकायका यस नगरपालिकामा कार्यरत ४८ जना स्थायी सेवाका कर्मचारीहरुको नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मूल्यांकन समेतलाई आधारमानी कार्यालयले मिति २०७८।३।३१ गते १८ जनाको तह वृद्धि र ३० जनाको ग्रेड वृद्धि गरी कर्मचारीहरु समायोजन गरेको हुँदा उक्त समायोजन र समायोजन गर्दा अपनाइएका सम्पूर्ण प्रकृयाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित प्रस्तावित नगर अस्पताललाई तत्काल सञ्चालनमा ल्याई कोभिड १९ को पि.सि.आर. परीक्षण लगायत संक्रमितहरुको उपचार गर्ने कार्य समेतलाई व्यवस्थित बनाउनका लागि देहाय बमोजिमका व्यक्तिहरु रहने गरी एक नगर अस्पताल सञ्चालन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | वडाध्यक्ष श्री तुलसीराम सापकोटा |
| (ख) सदस्य | कार्यकारीणी सदस्य श्री चन्द्रमाया परियार |
| (ग) सदस्य | श्री यज्ञप्रसाद शर्मा (अध्यक्ष, सिसुवा भतेरी कृषि सहकारी संस्था) |
| (घ) सदस्य | श्री कृष्णप्रसाद रिजाल (अध्यक्ष, दुम्सी तल्लो टोल विकास संस्था) |
| (ङ) सदस्य सचिव | जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित प्रस्तावित नगर अस्पतालको भवन तथा अन्य पूर्वाधार निर्माण गर्नुपूर्व डि.पि.आर. निर्माण गर्ने कार्य यथाशिघ्र गर्नुपर्ने

भएको हुँदा डि.पि.आर. निर्माण प्रक्रिया अगाडि बढाउन शहरी पूर्वाधार एवं प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० स्थित प्रस्तावित नगर अस्पताललाई तत्काल सञ्चालनमा ल्याई कोभिड १९ को पि.सि.आर. परीक्षण लगायत संक्रमितहरुको उपचार गर्ने कार्य समेतलाई व्यवस्थित बनाउनका लागि आवश्यक पर्ने पदहरु सेवा करारमा लिनका लागि देहाय बमोजिमको पदपूर्ति समिति छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल |
| (ख) सदस्य | उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मी |
| (ग) सदस्य | जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती |
| (घ) सदस्य | वरिष्ठ अधिकृत श्री गोकर्णराज वाग्ले |
| (ङ) सदस्य सचिव | सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुख |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ शेषमटार स्थित व्यास नगर समता विद्यालयलाई तत्काल सञ्चालन गरी पठन पाठन कार्यलाई अगाडि बढाउनको लागि देहाय बमोजिमका व्यक्तिहरु रहने गरी एक व्यास नगर समता विद्यालय सञ्चालन व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) संयोजक | वडाध्यक्ष श्री सतिशचन्द्र न्यौपाने |
| (ख) सदस्य | वडाध्यक्ष श्री सुरेश थापा |
| (ग) सदस्य | श्री विजय अधिकारी (अध्यक्ष, सिमलटार नरंगा टोल विकास संस्था) |
| (घ) सदस्य | श्री ब्रम्हदत्त वाग्ले (अध्यक्ष, उपल्लो नरंगा टोल विकास संस्था) |
| (ङ) सदस्य सचिव | उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मी |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८।०७९ मा प्राकृतिक श्रोत साधन उपयोग कर अन्तर्गत मादी नदी ढुंगा, गिटी, वालुवा ठेक्का लगाउने सम्बन्धी मिति २०७८।३।७ को निर्णय नं.११ को सि.नं.१ को खण्ड १ र सि.नं. २ को खण्ड २ लाई अलग अलग नगरी मादी नदी पक्की पुलदेखि शिशाघाट पुलसम्म एकै खण्ड मानी एक मुष्ठ रुपमा ठेक्कामा लगाउने कार्यका लागि वार्षिक न्यूनत्तम करको दर कर वाहेक रु.४,५०,००,०००। (चार करोड पचास लाख) कायम गर्ने गरी सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा कोभिड १९ का संक्रमितहरु मध्ये अति विपन्न वर्ग, विपन्न श्रमिक वर्गहरुको पहिचान गरी सोही अनुसार राहतका लागि सिफारिस गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र बाढीले पुऱ्याएको क्षतिलाई पुनर्स्थापना गर्न नगरपालिका आफैले जाली बुन्ने व्यवस्था मिलाउन शहरी पूर्वाधार तथा प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो । साथै व्यास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन), २०७८ अनुसार देहाय वमोजिमका पदाधिकारीहरु रहने गरी नगर स्तरीय एवं वडा स्तरीय विपद व्यवस्थापन समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

**(१) नगर स्तरीय विपद व्यवस्थापन समिति**

(क) नगर प्रमुख -संयोजक
(ख) नगर उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) विषयगत समितिका संयोजक मध्येमा बढिमा ४ जना -सदस्य
(ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
(च) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख -सदस्य
(छ) भूमि व्यवस्थापन तथा भवन इजाजत उपशाखा प्रमुख -सदस्य
(ज) नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष वा प्रतिनिधि -सदस्य

(झ) नगर प्रहरी प्रमुख -सदस्य
(ञ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य
(ट) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको प्रतिनिधि -सदस्य
(ठ) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य सचिव

**(२) वडा स्तरीय विपद व्यवस्थापन समिति**

(क) वडा अध्यक्ष -संयोजक
(ख) वडा सदस्यहरू -सदस्य
(ग) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य
(घ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित क्रियाशील पाटीका प्रमुख वा प्रतिनिधि -सदस्य
(ङ) स्थानीय रेडक्रस -सदस्य
(च) गैर सरकारी तथा सामुदायमा आधारित संघ संस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनत्तम १ जना महिला सहित बढीमा ४ जना -सदस्य
(छ) वडा सचिव -सदस्य सचिव

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा हालै मात्र साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको तह वृद्धि तथा ग्रेड वृद्धि भएको हुँदा यस नगरपालिका कार्यालयको संगठन तालिकामा परिमार्जन गर्नुपर्ने भएको हुँदा कृषि तथा पशु विकास शाखा कायम गर्ने गरी व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा १० अनुसार उपप्रमुख श्री मिरा जोशीको संयोजकत्वमा कर्मचारी व्यवस्थापन समिति गठन गरी समितिले १५ दिन भित्र नगरपालिकाको प्रस्तावित संगठन संरचना तयार पारी कार्यपालिका वैठकमा पेश गर्न निर्देशन समेत दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ स्थित आयुर्वेद औषधालयको नयाँ भवन निर्माण गर्ने प्रस्ताव स्वीकृत भई निर्माण कार्य अगाडि बढेको परिप्रेक्ष्यमा उक्त आयुर्वेद औषधालयबाट दिइदै आएको सेवालाई निरन्तरता दिन कुनै व्यक्ति वा संस्थाको घर भाडामा लिई आयुर्वेद औषधालयको कार्यहरु सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको दरबन्दी तपसिल बमोजिम मिलान गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | वडा नं. | सञ्चालन भएको कक्षा | विद्यार्थी संख्या | शिक्षक दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | बुद्ध दाहाल प्रा.वि. | १ | १-५ | ३५ | ५ |
| २ | जलदेवी मा.वि. | १ | १-१२ | ४०८ | १९ |
| ३ | जनसेविका प्रा.वि. | १ | १-५ | ३१ | ३ |
| ४ | निर्मल मा.वि. | १ | १-१२ | ८०४ | २६ |
| ५ | बालमन्दिर मा.वि. | २ | १-१२ | ५०३ | १७ |
| ६ | जनसेवा प्रा.वि. | २ | १-५ | ६० | ४ |
| ७ | सत्यवती मा.वि. | २ | १-१२ | २४८७ | ३८ |
| ८ | महर्षि वेदव्यास संस्कृत मा.वि. | ३ | १-१२ | १८१ | १५ |
| ९ | शिवपाञ्चायन मा.वि. | ३ | १-१० | २५५ | ९ |
| १० | वेदव्यास प्रा.वि. | ४ | १-५ | ५४ | ७ |
| ११ | मदर्शा प्रा.वि. | ४ | १-५ | ९२ | ५ |
| १२ | जनजुक्त शाही मा.वि. | ५ | १-१२ | ४३० | १५ |
| १३ | पद्मा प्रा.वि. | ५ | १-५ | १७ | २ |
| १४ | सिन्धु प्रा.वि. | ५ | १-५ | ४४ | ५ |
| १५ | शुक्र आ.वि. | ५ | १-८ | १०९ | ७ |
| १६ | मानुङ प्रा.वि. | ५ | १-५ | २२ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | पराशर आ.वि. | ५ | १-८ | १४७ | १० |
| १८ | संगम प्रा.वि. | ५ | १-५ | ४२ | ५ |
| १९ | उदय मा.वि. | ५ | १-१२ | २७८ | १५ |
| २० | जनज्योति प्रा.वि. | ६ | १-५ | १० | २ |
| २१ | अमर प्रा.वि. | ६ | १-५ | ३७ | ४ |
| २२ | रत्नज्योति आ.वि. | ६ | १-८ | ७० | ५ |
| २३ | महेन्द्रज्योति मा.वि. | ६ | १-१२ | ५०२ | २२ |
| २४ | अमृत आ.वि. | ६ | १-८ | ४३ | ६ |
| २५ | माहेन्द्री आ.वि. | ६ | १-८ | ७३ | ७ |
| २६ | श्याम्घा प्रा.वि. | ६ | १-३ | १८ | १ |
| २७ | शंकर आ.वि. | ६ | १-६ | ३८ | २ |
| २८ | देउराली प्रा.वि. | ६ | १-३ | २१ | २ |
| २९ | इन्दु मा.वि. | ६ | १-१० | १९८ | ९ |
| ३० | क्यामिन मा.वि. | ७ | १-१२ | ३२१ | १८ |
| ३१ | क्यामिनकोट मा.वि. | ७ | १-१० | ८९ | १५ |
| ३२ | बसन्तकाली प्रा.वि. | ७ | १-३ | १९ | २ |
| ३३ | पञ्चज्योति प्रा.वि. | ७ | १-५ | ४९ | ५ |
| ३४ | सोमाजन प्रा.वि. | ८ | १-५ | ३३ | ५ |
| ३५ | बालोपकार प्रा.वि. | ८ | १-५ | ११ | ३ |
| ३६ | सहजीवन प्रा.वि. | ८ | १-५ | १४ | ४ |
| ३७ | कृष्णालय प्रा.वि. | ८ | १-५ | १७ | ४ |
| ३८ | शहिद धर्म आ.वि. | ८ | १-८ | २९ | ७ |
| ३९ | नयाँज्योति प्रा.वि. | ८ | १-३ | १९ | ३ |
| ४० | सरस्वती आ.वि. | ९ | १-६ | ६८ | ५ |
| ४१ | कालिका प्रा.वि. | ९ | १-५ | १७ | २ |
| ४२ | माहेन्द्री मा.वि. | ९ | १-१२ | ३६१ | १७ |
| ४३ | बसाहास्थान मा.वि. | ९ | १-१० | ७२ | १६ |
| ४४ | लक्ष्मी आ.वि. | ९ | १-८ | ७२ | ९ |
| ४५ | चण्डीदेवी रा.मा.वि. | १० | १-१२ | ३६५ | १९ |
| ४६ | सर्वज्योति मा.वि. | १० | १-१० | २०० | १४ |
| ४७ | शिव मा.वि. | १० | १-१० | २४४ | १२ |
| ४८ | भानु मा.वि. | १० | १-१० | १५३ | १२ |
| ४९ | जनता आ.वि. | १० | १-८ | १०२ | ६ |
| ५० | तातोपानी प्रा.वि. | ११ | १-३ | २४ | २ |
| ५१ | चण्डेश्वरी आ.वि. | ११ | १-८ | ७१ | ९ |
| ५२ | बसन्त आ.वि. | ११ | १-८ | १०७ | ९ |
| ५३ | जनकल्याण प्रा.वि. | ११ | १-५ | १८ | ४ |
| ५४ | वाराही मा.वि. | ११ | १-१२ | ३५३ | २१ |
| ५५ | चण्डिका आ.वि. | ११ | १-८ | १०३ | ९ |
| ५६ | अमरसिंह मा.वि. | ११ | १-१० | ११५ | १३ |
| ५७ | सूर्योदय प्रा.वि. | ११ | १-३ | १९ | १ |
| ५८ | जनमिलन प्रा.वि. | १२ | १-३ | २० | २ |
| ५९ | सिद्धेश्वरी मा.वि. | १२ | १-१० | २५९ | १६ |
| ६० | विपी प्रा.वि. | १२ | १-३ | ३७ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | छव्दी वाराही प्रा.वि. | १२ | १-५ | ३९ | ३ |
| ६२ | मत्स्यकन्या आ.वि. | १२ | १-८ | १५४ | ९ |
| ६३ | कर्लुङ प्रा.वि. | १२ | १-५ | ७४ | ४ |
| ६४ | अमरज्योति मा.वि. | १२ | १-१० | २०१ | १२ |
| ६५ | मनकामना प्रा.वि. | १२ | १-३ | १२ | १ |
| ६६ | सिद्धबेनी नि.मा.वि. | १३ | १-८ | २०० | १० |
| ६७ | जन जागृतिगंगा मा.वि. | १३ | १-१० | २४४ | १५ |
| ६८ | गुदीफच्याङ आ.वि. | १३ | १-८ | ७९ | ८ |
| ६९ | सितला प्रा.वि. | १३ | १-३ | १४ | २ |
| ७० | बाल कल्याण प्रा.वि. | १३ | १-५ | ४१ | ३ |
| ७१ | बुद्ध प्रा.वि. | १३ | १-३ | ४ | ० |
| ७२ | वेनीमित्र प्रा.वि. | १३ | १-५ | २८ | ५ |
| ७३ | अमरज्योति आ.वि. | १४ | १-८ | ६७ | ७ |
| ७४ | केशवटार मा.वि. | १४ | १-१२ | २८८ | १९ |
| ७५ | केशवटार प्रा.वि. | १४ | १-३ | १५ | २ |
| | | | जम्मा | ११८५० | ६३६ |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ वर्लाचीमा भइरहेको जनशक्तिबाट व्यवस्थापन गर्ने गरी स्वास्थ्य सेवा कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा विगत २ वर्षदेखि कोभिड १९ को प्रभावले व्यापार व्यवसायमा आएको मन्दीका कारण व्यवसायीहरुले चालु आर्थिक वर्ष समेत ३ वर्षसम्म बुझाउनु पर्ने व्यवसाय कर नबुझाएको हुँदा आगामी पौष मसान्तसम्ममा व्यवसाय कर बुझाउने व्यवसायीलाई आर्थिक वर्ष २०७६।०७७ को कर आगामी नगर सभाबाट अनुमोदन हुने गरी मिन्हा दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ र ३ को वडा कार्यालय सञ्चालनको लागि नगरपालिकाको आफ्नै नाउँमा जग्गा नभएको हुँदा जिल्ला समन्वय समिति तनहुँलाई उपयुक्त स्थानमा जग्गा उपलब्ध गराई दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा नगरपालिका भित्र हालसालै भएका विपद सम्बन्धमा वडास्तरीय विपद समितिको सिफारिसमा नगर स्तरीय विपद व्यवस्थापन समितिबाट आवश्यक निर्णय लिई अनुमोदनका लागि वैठकमा पेश गर्न सम्बन्धित विपद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक प्रकृतिका तपसिल बमोजिमको योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | शीर्षक |
|---|---|---|---|---|
| १. | साँगे पतेनी नहर मर्मत तथा निर्माण | ५ | ६,००,०००। | सिंचाई |
| २. | चिसापानी टोल स्थित कजवे संरक्षण | १३ | ९,००,०००। | नगर स्तरीय |
| ३. | चिसापानी टोल स्थित झोलुङे पुल मर्मत | १३ | ६७४००। | विपद |